# सोलुदुधकुण्ड नगरपालिका

༄།།ཤོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྐྱི་ཁྱབ་ལྷན་ཁང་།

## नगर कार्यपालिकाको कार्यालय

## सल्लेरी, सोलुखुम्बु

### कोशी प्रदेश

प.सं. २०८०/०८१
च.नं.

मिति : २०८०।०४।१५

**विषय : मेलमिलापकर्तामा सूचिकृत हुने सम्बन्धमा सूचना ।**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ४७ को उपदफा (२) मा व्यवस्था भए बमोजिम मेलमिलापको माध्यमबाट मात्र निरुपण हुने विवादका विषयहरुमा मेलमिलाप गर्नको लागि सोलुदुधकुण्ड नगरपालिकाको न्यायिक समिति (कार्यविधि) सम्बन्धी ऐन, २०७५ को दफा ५९ को उपदफा (३) बमोजिम मेलमिलापकर्तामा सूचिकृत हुन तपसिलमा उल्लेखित योग्यता भएका मेलमिलापकर्ताहरुले मिति २०८०।०४।३० गतेभित्र यस नगरकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नु हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

...................
राम कुमार खड्का
शाखा अधिकृत

राम कुमार खड्
शाखा अधिकृ

**आवश्यक कागजातहरु :**

१. मेलमिलापकर्ताको निवेदनपत्र ,
२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,
३. मेलमिलाप सम्बन्धि आधारभूत तालिम लिएको प्रमाणपत्रको प्रतिलिपी,
४. कम्तीमा स्नातकतहसम्म उतिर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी,
५. व्यक्तिगत विवरण (Bio-Data)
६. पासपोर्ट साईजको फोटो २ प्रति ।

(नोट : मेलमिलापकर्तामा सूचिकृत हुने निवेदनको ढाँचा यस कार्यालयको Website: www.solududhkundamun.gov.np वा यस कार्यालयको न्यायिक समिति सचिवालयबाट प्राप्त गर्न सकिनेछ।)

अनुसूची-१२

(दफा ५१ को उपदफा (३) सँग सम्बन्धित)

फोटो

## मेलमिलापकर्तामा सूचीकृत हुने निवेदन ढाँचा

न्यायिक समिति

सोलुदुधकुण्ड नगरपालिका समक्ष पेश गरेको निवेदन

विषय : मेलमिलापकर्तामा सूचीकृत हुन पाऊँ ।

प्रस्तुत विषयमा तपसीलमा उल्लिखित कागजातहरूको प्रतिलिपि साथै राखी सोलुदुधकुण्ड नगरपालिकाको न्यायिक समिति अन्तर्गतको वडा नं....... रहेको ......................मेलमिलाप केन्द्रमा सूचीकृत भई मेलमिलाप गराउन अनुमति पाऊँ भनी निवेदन गर्दछु ।

तपसील

१) नागरिकता प्रमाणपत्रको छायाप्रति,

२) स्नातक तहसम्म उत्तीर्ण गरेको शैक्षिक प्रमाणपत्रको छायाप्रति,

३) मेलमिलापकर्ताको तालीमप्राप्त गरेको प्रमाणपत्रको छायाँप्रति,

४) मेलमिलाप सम्बन्धी अनुभव र

५) व्यक्तिगत विवरण (Bio- data)

निवेदक,

नाम थर :...............................

दस्तखत:................

मिति:................/.........../